आज मिति २०७८।०१।२१ गते प्र.जि.अ. श्री चन्द्र बहादुर शिवाकोटीको अध्यक्षतामा जिल्ला कोभिड -१९ संकट व्यवस्थापन केन्द्रको बैठक बसी देहायानुसार निर्णय गरियो ।

**उपस्थिति**

| | |
|---|---|
| श्री चन्द्र बहादुर शिवाकोटी, प्र.जि.अ., जि.प्र.का. | - अध्यक्ष |
| श्री चित्र बहादुर भट्टराई, प्र.ना.उ., जि.प्र.का, | - सदस्य |
| श्री खुम बहादुर के.सी. .स.प्र.ना.उ,स.प्र.बल नं ४५ गुल्म | - सदस्य |
| श्री दिपेन्द्र बराल, सह-सेनानीं, सु.से.मु. गमगमढी | - सदस्य |
| श्री कविर राज पौडेल, स्वा.से.का. | - सदस्य |
| श्री भिमराज सेजुवाल, नि.जि.स.अ. | - सदस्य |
| श्री बाबुरत्न जैसी, ब.अ.स, | - सदस्य |
| श्री गणेशप्रसाद कोइराला, स.प्र.जि.अ., जि.प्र.का. | - सदस्य सचिव |

**सल्लाहकार**

श्री पूर्ण बहादुर रोकाया, प्रमुख, जिल्ला समन्वय समिति

**अन्य उपस्थिति**

श्री सोनाम छिरिङ लामा, प्रतिनिधी, के.क.पा. ऐमाले
श्री , प्रतिनिधि, नेपाली काँग्रेस
श्री कमल बहादुर बुढा, अध्यक्ष, उद्योग वाणिज्य संघ,
श्री मान प्रसाद भट्ट, सदस्य, उद्योग बाणिज्य संघ
श्री अम्विका आचार्य, प्रतिनिधी, नेपाल रेडक्रस सोसाइटी
श्री दान बहादुर बुढा, प्रतिनिधि नेपाल पत्रकार महासंघ
श्री राजेन्द्रबहादुरशाही - प्रदेश सचिव राप्रपा नेपाल

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मुगु

**निर्णयहरु**

१. विश्वव्यापी रुपमा फैलिरहेको कोरोना भाइरस कोभिड-१९ को संक्रमण र सोको नयाँ भेरियन्ट नेपालमा समेत फैलिएको र पछिल्ला दिनहरुमा मुगु जिल्लामा समेत संक्रमण तीव्र रुपमा बढिरहेको हुँदा यसको नियन्त्रणको लागि जिल्लामा अक्सिजन सहितको औषधी उपचार, आइसोलेसन, समेतको भरपर्दो व्यवस्था नभएकोले उक्त संक्रमण फैलन नदिनको लागि मिति २०७८।१।२२ गते राती १२:०० बजे देखी मिति २०७८।१।३१ गते राती १२:०० बजेसम्म मुगु जिल्ला भर लागु हुने गरी तपशिल बमोजिम निषेधाज्ञाको लागि सिफारिस गर्ने ।

- उक्त निषेधाज्ञा अवधिभर शान्ति सुरक्षा, स्वास्थ्य, विधुत, सूचना तथा सञ्चार, खानेपानी, फोहोरमैला व्यवस्थापन, ग्याँस, पेट्रोलियम पदार्थ, तरकारी, खाद्य तथा दुग्धजन्य पदार्थ, औषधी पसल लगायतका अत्यावश्क सेवाहरु तथा सार्वजनिक निर्माण कार्य (निर्माण स्थलमै रही कार्य गर्ने गरी) मात्र सेवा सञ्चालन गर्ने गराउने ।
- उक्त निषेधाज्ञा अवधिभर एम्बुलेन्स, दमकल, शवबाहन, अतिआवश्यक दैनिक उपभोग्य वस्तुहरु ढुवानी गर्ने साधनहरु (चालक र सह चालक मात्र), परिचय पत्र/ पोशाकसहित अत्यावश्यक सेवा (स्वाथ्य, सुरक्षा, खानेपानी, विधुत, सञ्चार, फोहोरमैला, तथा कोभिड-१९ व्यवस्थापन) सञ्चालनमा खटिएका जनशक्तिले प्रयोग गरेका सवारी एवं निर्माण सामाग्री ढुवानीका साधनहरु मात्र सञ्चालन गर्ने/गराउने ।
- अत्यावश्यक सेवा प्रवाह गर्ने सरकारी कार्यालय बैंक तथा वित्तीय संस्थाहरुको हकमा सम्वन्धित कार्यालय प्रमुखले आलोपालो मिलाई एक चौथाइ कर्मचारी मात्र उपस्थित गराइ सेवा प्रवाह गर्ने ।
- रोक लगाइएको सेवाहरुको सञ्चालन तथा सवारी साधनहरुको प्रयोगमा पूर्ण जनस्वास्थ्यका मापदण्डहरु (अनिवार्य मास्क, भौतिक दुरी, स्यानिटाइज) पूरा गर्नु पर्नेछ । साथै सोही बमोजिमको मापदण्डहरु पूरा गरी दैनिक उपभोग्य वस्तुहरु (खाद्यान्न, फलफूल, तरकारी, ग्याँस) का पसल तथा व्यवसाय विहान ९ बजे देखि १२ बजे सम्म मात्र सञ्चालन गर्ने गराउने ।
- छायाँनाथ रारा नगरपालिका वडा नं २ मा रहेको निर्माणाधीन कारागार कार्यालयमा रहेको प्रारम्भिक आइसोलेसन सेन्टरलाई संचालनमा ल्याउन र अक्सिजनको व्यवस्थापन गरि दिनका छायाँनाथ रारा नगरपालिकालाई अनुरोध गर्ने ।

प्रमुख जिल्ला अधिकारी